# फक्ताङलुङ गाउँपालिका

# स्थानीय शिक्षा ऐन, २०७६

(नेपालको संविधान अनुसूची-८ को क्रम संख्या ८ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ बमोजिम)

**गाउँ सभाबाट पारित मितिः २०७६।११।२३**

**प्रमाणीकरण मितिः २०७६।११।२३**

फक्ताङलुङ गाउँपालिका प्रदेश नं. १

### प्रस्तावनाः

प्रत्येक नागरिकमा सहिष्णुता सदाचार, नैतिकता र मानवीय मूल्यका प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकत्तामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहका सिमानामा स्थापना हुने तथा स्थापना भइ सञ्चालन भईरहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ को धारा २२१ अनुसूची-८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिकः संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम विस्तार र प्रारम्भः** यस ऐनको नाम स्थानीय शिक्षा ऐन, २०७६ रहेको छ । यो ऐन फक्ताङलुङ गाउँपालिका भर लागू हुनेछ । यो ऐन सभाले पास गरे पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले फक्ताङलुङ गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) **"गाउँ सभा"** भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ङ) **"समावेशी शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्छ ।

(च) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(छ) **"प्राविधिक र व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सिप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ज) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार बाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकार बाट नियमित रुपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) **"शिक्षक"** भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनुपर्छ र सो शब्दले प्राध्यानाध्पक समेतलाई जनाउँछ ।

(ट) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ठ) **"अनुमति"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएका ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ड) **"स्वीकृती"** भन्नाले तोकिए बमोजिमका शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिइएको स्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ढ) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयका रुपमा स्वीकृति प्रदान गरिएका विद्यालयलाई जनाउँदछ ।

(ण) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेका सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(त) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएका डाइभर्सिटी इमिग्रेन्ट भिजा (डि.भी.), स्थायी आवासीय भिजा (पी.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएका जुनसुकै नामका स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(थ) **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

## परिच्छेद-२

## शिक्षाका प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. माध्यमिक शिक्षाका प्रकारः**

माध्यमिक शिक्षाका देहायका प्रकार हुनेछन् ।

(१) साधारण माध्यमिक शिक्षा

(२) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**४. शिक्षाका माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

अ. आधारभूत तह सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

आ. भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ ।

(३) पाठ्यक्रम विकास केन्द्रले लागू गरेको पाठ्यक्रम अनुसार अध्यापन गराइनेछ ।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**६. विद्यालयको वर्गीकरणः**

- विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

  (१) सामुदायिक विद्यालय

  (२) संस्थागत विद्यालय

  (३) गुठी विद्यालय

**७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न वा चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको निर्णयले वडा कार्यालयको सिफारिस सहित गाउँ शिक्षा समिति प्रमुख समक्ष अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति दिइनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समिति प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले पुनः अनुमति दिनेछ ।

(५) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाउँमा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्ता जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(६) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्न गुठी सञ्चालक(ट्रष्टी), संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेको ट्रष्टीले आफ्ना जिवनकालमा वा शेषपछि गुठीयारका रुपमा काम गर्न आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीका हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहका लागि प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहका हकमा गाउँपालिका प्रमखुबाट अनुमति लिइ सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथिल्लो उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर कानूनले तोकिएको प्रक्रिया पुरा गरी माग भएमा स्वीकृति दिन बाधा पर्ने छैन ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ । संस्थागत विद्यालयको शुरु अनुमति, थप अनुमति तथा कक्षा थप अनुमतिका लागि तोकिए बमोजिमको दस्तुर वा धरौटी लाग्नेछ ।

**८. गाउँपालिकाले प्रारम्भिक बालशिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ।**

**९. सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न सक्नेः**

(क) गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्ता केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ । आइ. सि. टी.मा आधारित प्रविधि प्रयोग गरिनेछ ।

**१०. विद्यालयले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

१. गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका विद्यालयमा १५ जना भन्दा कम विद्यार्थी भएमा सो विद्यालयलाई बाल विकास शिक्षा केन्द्रको मात्र अनुमति प्रदान गरी एक स्थानबाट अर्को स्थानमा सार्न वा दुइ वा दुइभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन अनुमति वा स्वीकृति दिन सक्नेछ । र अर्को विद्यालयमा गाभिएका वा मर्ज भएका विद्यालयका विद्यार्थिहरुको व्यवस्थापन सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

तर एक शैक्षिक सत्रमा एक कक्षा मात्र थप गर्न अनुमति दिइनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वडामा एक आधारभूत तह (कक्षा १-५) विद्यालय रहनेछ ।

३. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकत्ता अनुसार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट विद्यालय मर्ज वा विद्यालय वन्द गर्न सकिनेछ ।

४. विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा स्विकृतिका लागि पेश गर्नुपर्नेछ ।

५. उपदफा (३) बमोजिम पेश हुन आएका निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

६. विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम धार्मिक तथा जातिगत, विद्धेष झल्किने प्रकारका नाम राख्न पाइने छैन । माध्यमिक तहका हकमा रु.४०,००,०००।–(अक्षरेपी रु चालीस लाख), आधारभूत तहका हकमा रु. २५,००,०००।– ( अक्षरेपी रु पच्चीस लाख) प्रदान गरेमा व्यक्ति वा संस्थाको नाउँमा विद्यालयको नाउँ परिवर्तन गर्न गाउँ शिक्षा समितिको सिफारिस गर्न सक्नेछ ।तर त्यसरि नाम परिवर्तन एक पटकका लागी मात्र हुनेछ ।

**११. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

१. गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -उपसंयोजक

(ग) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने विषय समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँकार्यपालिकाको सदस्यहरु मध्येबाट एक जना महिला- सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) समाजसेवी, शिक्षाप्रेमी वा चन्दादाताहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एक जना महिला र दलित सहित तीन जना - सदस्य

(छ) सामुदायिक/संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको दुइ जना - सदस्य

(ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(झ) गाउँपालिका शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(आवश्यकत्ता अनुसार विषय विज्ञहरुलाई वा पेशागत संस्थाका पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ)

२. समितिका मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुनेछ ।

३. उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा बरखास्त गर्नु अघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन ।

४. शिक्षा समितिको काम, कर्तव्य र अधिकारः-

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधन, स्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(झ) अभिभावक र शिक्षक बिच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने, सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने एवंम शिक्षाको अनुगमन तथा सुपरीवेक्षणको प्रबन्ध गर्ने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विषय विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने,

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिका लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने,

(ध) शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने,

(न) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने, विद्यालयमा विषयगत दरबन्दी मिलान गर्ने,

(ऩ) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुनेगरी शैक्षिक क्यालेण्डर बनाइ लागू गर्ने गराउने,

(प) शिक्षक तालिम नीति तर्जुमा गरी लागू गर्ने,

(फ) गाउँकार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ब) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

**१२. शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

१. गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँकार्यपालिकामा पेश गर्ने,

२. गाउँपालिका तथा गाउँशिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

३. विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने,

४. गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

५. शिक्षकहरुको कार्यसम्पादन मूल्यांकनका लागि तोकिए बमोजिम गर्ने र सम्बन्धित माथिल्लो निकायमा पठाउने,

६. गाउँ शिक्षा समितिको सदस्य-सचिवको भूमिका निर्वाह गर्ने,

७. शिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ,

**१३. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकारः-**

१. वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना महिला -सदस्य

(घ) सम्बन्धित वडाका विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिले तोकेको दुइजना -सदस्य

(ङ) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना महिला -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

२. वडा शिक्षा समितिको काम कर्तव्य र अधिकारः-

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) विद्यालयका लागि आवश्यक स्रोत, साधन, जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) अभिभावक र शिक्षक बिच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) आफ्नो क्षेत्रका विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्नका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ,

(ञ) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा सिफारिस गर्ने,

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने,

**१४. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः-**

१. सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएको कम्तीमा १ जना दलित महिला र १ जना महिला सहित ४ जना -सदस्य

दलित महिला नभएमा २ जना महिला अनिवार्य हुनुपर्ने।

(ग) विद्यालय रहेको सम्बन्धित वडाको जनप्रतिनिधिहरुबाट सो वडा समितिले मनोनयन गरेको १ जना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर उल्लेखिय सहयोग गरेको व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरु मध्येबाट छानी पठाएको १ जना -सदस्य

(च) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

२. विद्यालय व्यवस्थापन समिति अध्यक्षको न्युनतम शैक्षिक योग्यता सम्बन्धि व्यवस्थाः

(क) माध्यमिक तह सञ्चालित विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन कम्तीमा एस.एल.सी./एस.इ.इ. वा सो सरहको योग्यता हुनुपर्ने,

(ख) आधारभूत तह(१-८) सञ्चालित विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन कम्तीमा कक्षा-८ वा सो सरहको योग्यता हुनुपर्ने,

तर आधारभूत तह(१-५) सञ्चालित विद्यालयमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन साक्षर भए पनि बाधा हुने छैन ।

३. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराइराख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृति गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाका आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) प्रचलित कानून बमोजिम शिक्षा सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदका लागि योग्य उम्मेदवारलाई हाजिरी गराइ काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिरी गराइ काममा लगाउने,

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँशिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिए बमोजिम दरबन्दीका शिक्षकलाई विभागिय कारवाही सिफारिस गर्ने,

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

**१५. अभिभावक, शिक्षक तथा विद्यार्थी संघको गठन, काम, कर्तव्य र अधिकारः**

१. सामुदायिक विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थी बीच सहकार्य तथा सामाजिक परीक्षण गरी सुव्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायको सदस्यहरु रहेको एक अभिभावक, शिक्षक तथा विद्यार्थी संघ रहनेछ ।

(क) विद्यालयको अभिभावकहरुको भेलाबाट छनौट गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएको कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेखनीय सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित २ जना -सदस्य

(ङ) बाल क्लब वा विद्यालयको अध्यक्षले छानेको प्रथम छात्र र प्रथम छात्रा मध्ये दुइजना सदस्य -सदस्य

(च) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

(छ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना -सदस्य सचिव

२. अभिभावक, शिक्षक तथा विद्यार्थी संघको काम, कर्तव्य र अधिकारः

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने,

(ग) अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

## परिच्छेद-३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ता, कार्यालयको दरबन्दी, सेवा शर्त, योग्यता एवंम् सक्षमताको मापदण्ड

**१६. गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्नेः**

१. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी, कर्मचारी र बाल विकास केन्द्रको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

२. गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, सञ्चालित कक्षा र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

३. उपदफा (२) बमोजिम नियुक्त भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नुपर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

**१७. शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमताः**

१. शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**१८. शिक्षक तथा विद्यालय कर्मचारी सेवा सुविधा तथा विदा सम्बन्धी व्यवस्थाः**

१. शिक्षक तथा विद्यालय कर्मचारीको सेवा सुविधा तथा विदा तोकिए बमोजिम हुनेछ ।

२. विद्यालय शिक्षक, कर्मचारीहरुलाई तोकिए बमोजिम प्रोत्साहन सुविधा प्रदान गरिनेछ ।

**१९. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

१. देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

२. उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

**२०. अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः**

(१) दफा १९ को उपदफा (१) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भइ नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक/ कर्मचारीले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पुरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

२१. **तलब, भत्ता नपाउने र सेवा सुविधा गणना नहुनेः** दफा २० मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक/ कर्मचारीले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

२२. **स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद-४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

२३. **शिक्षक/ कर्मचारीको नियुक्तिः**

(१) विद्यालयमा रिक्त दरबन्दी तथा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

(ख) विषयगत रोष्टर मध्येबाट गाउँशिक्षा समितिले तोकेको विषय विज्ञ १ जना -सदस्य

(ग) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी १ जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(ङ) सम्बन्धित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको विषयगत रोष्टर १ जना -सदस्य

(च) गाउँ शिक्षा समितिको संयोजक वा निजले तोकेको समितिको सदस्य मध्येबाट १ जना -सदस्य

(२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले आवश्यक विषयगत स्वयंसेवक शिक्षक राखी विद्यालयमा काममा खटाउन सक्नेछ । त्यस्ता शिक्षकहरुको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(४) शिक्षक, विद्यालय कर्मचारी, भाषा शिक्षक, बाल विकास कर्मचारी र स्वंयसेवक शिक्षकको उमेर हद तोकिए बमोजिम हुनेछ ।

२४. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) हरेक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको नियुक्ति, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको,

(ख) माध्यमिक तह (कक्षा १-१०)को विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) माध्यमिक तह (कक्षा १-१२) सम्म सञ्चालित विद्यालय भएमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण भएको,

फत्तेपुर गाउँपालिका, स्थानिय शिक्षा ऐन २०७५

(घ) उपदफा २ को (क) (ख) र (ग) बमोजिम संघिय ऐन वा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिम ५ वर्षका लागि प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यपकको पदमा नियुक्ति गर्नेछ । निजले बढीमा २ कार्यकाल मात्र सो पदमा बहाल रहन पाउनेछ ।

(ङ) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व ५ वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(च) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(छ) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य नगरेको पाइएमा व्यस्थापन समितिको निर्णयले वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले प्रधानाध्यापकको पदबाट हटाउन सक्नेछ । तर एक पटक स्पष्टीकरणको मौका दिइनेछ ।

(३) सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट शैक्षिक गुणस्तर, व्यवस्थापकीय तथा अन्य कार्यहरु सन्तोषजनक नभएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षा समितिले जुनसुकै समय प्रधानाध्यापक परिवर्तन गर्न सक्नेछ ।

**२५. शिक्षकको सरुवाः**

(१) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयका व्यवस्थापन समिति र सरुवा हुने विद्यालय व्यवस्थापन समितिको निर्णयले वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाइ सरुवा गर्न सक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको निर्णयले वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले अर्को नगरपालिका वा गाउँपालिकामा सरुवाका लागि सहमति दिन सक्नेछ ।

(३) गाउँ शिक्षा समितिले समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक बिच पारस्परिक सरुवा गर्न सक्नेछ । तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको दुइ वर्ष सम्म गरिने छैन ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

**२६. दरबन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पुरा गरी सार्नुपर्ने छ ।

(२) गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँपालिका भित्रका एक विद्यालयका शिक्षकलाई अर्को विद्यालयको समान तहको दरबन्दीमा काजमा खटाउन सक्नेछ ।

**२७. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा शर्त तथा बढुवा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था:** शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी दैवी प्रकोप उद्धार तथा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सक्नेछ ।

## परिच्छेद-५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३०. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षा कोठा, खेलमैदान, कम्पाउण्ड, घेरावार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसावारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राको लागि शौचालय, सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, स्वास्थ्य परीक्षण, छात्रालाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्नेछ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३१. **विद्यालयको सम्पत्ति:**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ, संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्विकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

३२. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन:**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिइ विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानून बमोजिम भोगचलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ ।

**३३. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल गर्ने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकको संख्या सम्बन्धित विद्यालयले तोकिएको समयसिमा भित्र गाउँ शिक्षा शाखामा माग गर्नुपर्नेछ ।

(३) शिक्षा शाखाले शैक्षिक सत्र सुरु हुनु अगावै सम्बन्धित निकायमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभूत तह सम्मको लागि स्थानीय आवश्यकत्तामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम ल्याउन सक्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागू हुनेछ ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्वअध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनुपर्नेछ ।

**३४. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(२) विद्यालयले बालक्लब तथा बालमैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-६

### संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्यांकन र नियमन सम्बन्धी व्यवस्था

**३५. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृत लिनुपर्नेछ ।**

**३६. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुइ जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(घ) गाउँपालिका शिक्षा शाखाले तोकेको एक जना कर्मचारी -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउन अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**३७. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयका चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(च) अध्यापन अनुमति पत्र लिएर प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा श्रम ऐनलाई आधार मानी तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनको पालना गर्ने,

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम गर्ने,

(ट) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा ५ प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक गर्नुपर्नेछ ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ ।

३९. **अनुगमन तथा मूल्यांकनः** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४०. **अनुमति वा स्वीकृत रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्द गर्नसक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद-७

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४१. **आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ ।

(क) शिक्षा शाखा प्रमुखः -संयोजक

(ख) आधारभूत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको तीन जना सदस्य(सामुदायिक विद्यालयबाट २ र संस्थागत विद्यालय बाट १) -सदस्य

(ग) संयोजकले तोकेको शिक्षक वा कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।+

(४) +

(५)

४२. **कक्षा १० र १२ को वार्षिक परीक्षा राष्ट्रिय परीक्षा बोर्डले तोके बमोजिम हुनेछ ।**

## परिच्छेद-८

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

४३. **विद्यालयको कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ । जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्य बाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण र सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

४४. **अनुदानको व्यवस्थाः**

फक्ताङ्लुङ गाउँपालिका, स्थानीय शिक्षा ऐन-२०७५

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रका आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकम तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्र तथा स्थानीय भाषा शिक्षणलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४५. लेखा व्यवस्थापनः**

(१) सबै विद्यालयले प्रचलित कानून अनुसारको ढाँचामा आय-व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न बेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्न जिम्मेवारी दिनुपर्नेछ ।

**४६. सामुदायिक विद्यालयको खाता सञ्चालनः**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक खाता मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन गाउँपालिका कार्यालयले तोकेको बैंकमा गर्नुपर्नेछ ।

(३) माध्यमिक तह विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ र आधारभूत विद्यालयमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन अध्यक्ष वा लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**४७. लेखापरीक्षण तथा सामाजिक परीक्षणः**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय-व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयको हरेक त्रैमासिक परीक्षाको नतिजा सहिता विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठ पोषण लिनुपर्नेछ ।

**४८. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । साथै गाउँपालिकाले आवश्यकत्ता अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्न कोचिङ कक्षा सञ्चालनको लागि आवश्यक रकम कार्यविधि बमोजिम विनियोजन गर्न सक्नेछ ।

**४९. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण हुनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थी सँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराइ निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदाँ तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराउन लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले १ लाख देखि ३ लाख सम्म जरिवाना गर्न सक्नेछ ।

**५०. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## प्राविधिक तथा व्यवसायिक शिक्षा

**५१.** गाउँपालिका क्षेत्रका सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथै सि.टी.इ.भि.टी. कार्यक्रममा निर्धारित विषय अध्यापन गराउन सकिनेछ । त्यस्ता विद्यालयको सञ्चालनको लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**५२. खुल्ला तथा विशेष शिक्षाः** गाउँपालिका भित्र खुल्ला तथा विशेष शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने केन्द्रको निर्देशनको आधारमा हुनेछ ।

## परिच्छेद-१०

## विविध

**५३. विद्यालयको विधानः**

(१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया लगायत अन्य सान्दर्भिक विषय वस्तु समावेश गरेको विधान अभिभावक सभाबाट पारित गराइ लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकत्ता अनुसार संशोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनेछ ।

**५४. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्र सँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५५. विद्यालयलाई सुरक्षित र शान्ती क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ । राजनीतिक गतिविधि गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५६. बालबालिकालाई निष्काशन गर्न, शारीरिक तथा मानसिक दुर्व्यहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन,

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यहार गर्न पाइने छैन ।

**५७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोष सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५८. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

**५९. शिक्षा विकास कोषः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछ ।

(२) शिक्षा विकास कोषमा देहाय बमोजिमको रकम रहन सक्नेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान, दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम,

(३) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**६०. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ ।

(क) प्रश्न पत्रको गोपनियता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारी पूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृत बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्श, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) कानून विपरीतको अन्य कार्य गरेमा,

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागिय सजाय हुनेछ ।

**६१. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**६२. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाइ लागू गर्न सक्नेछ ।

**६३. संक्रमणकालिन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरिएको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

६४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा भए सरह मानिनेछ । तर त्यस्तो आदेश गाउँसभाले ६ महिना भित्र अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

६५. **बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको, कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिदै आएका सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

समाप्त

फक्ताङलुङ गाउँपालिका, स्थानीय शिक्षा ऐन-२०७६